# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बडिकेदार गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बडिकेदार गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बडिकेदार गाउँपालिका

## डोटी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ६०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

बडिकेदार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

डोटी ।

१. **कैफियत सहितको राय** — हामीले बडिकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ९८ लाख २३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिकृया प्राप्त भएकोमा सो उपर कारबाही भई रु. १ लाख २७ हजार फर्स्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ११ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५२ लाख २९ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३१ लाख ७५ हजार र शोधभर्ना नलिएको रु. १ लाख ७७ हजार समेत रु. १ करोड ९६ लाख ९६ हजार रहेको छ । बडिकेदार गाउँपालिकाको गतवर्ष सम्म रु. ११ करोड ४७ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ४४ लाख २६ हजार रहेको छ ।

बडिकेदार गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बडिकेदार गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बडिकेदार गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

बडिकेदार गाउँपालिका,

डोटी

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७२ | ७२ | १९८२३ | ० | १ | १२७ | ७२ | ७१ | १९६९६ | १११५ | १३१७५ | ५२२९ | ० | १७७ | १८५८१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | ११४७३० | ० | ० | ११४७३० | ० | १९६९६ | १३४४२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ८३ | यातायात खर्च | १,२६,६६४ |
| | कुल जम्मा | | | १,२६,६६४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१. **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३३२.५५ वर्ग किलोमिटर तथा १४,९०२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१४ देखि २०८०।११।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. ९२ करोड ८३ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३०,७३८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बिष्णु मा वि को दुई कोठे तथा चार कोठे भवन निर्माणमा भएको बढी भुक्तानी असुल भई बैंक दाखिला भौचर पेश भएको । | १२०३५ |
| २ | मोहन्याल मा वि को दुई कोठे तथा चार कोठे भवन निर्माणमा भएको बढी भुक्तानी असुल भई बैंक दाखिला भौचर पेश भएको | १८७०३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको

भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक

परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित बिल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• कानुन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

४. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

---

५. **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२७,४१,३३१।०१ अर्थात अनुमान भन्दा ४५।१७ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

---

६. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९५६४४३६०।९९ | २७४१३३१।०१ | ०।६९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०।६९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

७. **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २००००० | २१५६९५ | १०७।८५ |
| घरजग्गा वहाल कर | २५०००० | ६७३८६६।७४ | २६९।५५ |
| भूमिकर/मालपोत कर | ७०००० | २८९३३१।२८ | ४१३।३३ |
| सरकारी सम्पतिको बहालबाट प्राप्त आय | ३००००० | ० | ० |
| न्यायिक दस्तुर | १०००० | १०००० | १०० |
| शिक्षा क्षेत्रको आम्दानी | २०००० | ४२०० | २१ |
| परीक्षा शुल्क | ५०००० | ९४४०० | १८८।८ |
| अन्य प्रशासनिक सेवा शुल्क | २००००० | २०४८२० | १०२।४१ |
| नक्सापास दस्तुर | १००००० | १०००० | १० |
| सिफारिस दस्तुर | २००००० | ३४२६६१ | १७१।३३ |
| व्यक्तिगत घटना दस्तुर | २००००० | ५४७६०० | २७३।८ |

| | | | |
|---|---|---|---|
| नाता प्रमाणित दस्तुर | ५०००० | ४२०० | ८।४ |
| अन्य कर | ३४४१३३०।०२ | ३४४५५६।९९ | १०।०१ |
| **जम्मा** | **५००००००** | **२७४१३३१।०१** | **५४।८३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । यसका साथै आन्तरिक आयको अनुमान पनि वास्तविक देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी आयको अनुमान वास्तविक गरी नयाँ करका क्षेत्र पहिचान समेत गरी सबै करलाई करको दायारामा ल्याउनु पर्दछ।

---

८. **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्रथामिकीकरण र कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

९. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ४२ करोड ३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०६।०९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।तोकिएको समयमा अख्तियारी दिने व्यवस्था हुनुपर्दछ ।

---

१०. **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा संघीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |

| | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रम संख्या** | ३५९ | २ | १ | १ | १ |

११. **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः-

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १३,८३,६१,२८६।५५ | ० | ५२२८१४९ | २९४९८७४५।७५ | १०३६३४३९१।८० | ५४३९४२७६।८१ |
| प्रतिशत | १०० | ० | ३।१८ | १७।९९ | ६३।२१ | ३३।१७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३,८३,६१,२८६।५५ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. शुन्य , दोस्रो त्रैमासिकमा रु. ५२,२८,१४९ (३.१८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २,९४,९८,७४५।७५ ( १७.९९ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १०,३६,३४,३९१।८०(६३.२१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,४३,९४,२७६।८१ (३३.१७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्रथामिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड ५० लाख अबण्डा बजेट व्यवस्था गरी ५ योजनामा रु. १ करोड ५० लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | बैकल्पिक उर्जा कोष | ७०००००० |
| २ | सडक वोर्ड | ४७०००० |

---

१३. **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ३५९ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना संख्या | रु. २० लाखमाथिका योजना संख्या | रु ५ लाख देखि २० लाखसम्मका योजना संख्या | रु. ५ लाखभन्दा कमका योजना संख्या |
|---|---|---|---|---|
| पालिका स्तरीय | १३० | ८ | ७३ | ४९ |
| वडा स्तरीय | २२९ | ० | २ | २२७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३५७ योजनामात्र कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

१४. **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६३९३७७४० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा

उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५. **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६१०१४००० | ५७२७७३६४।५० | ९३।८८ |
| २ | पूर्वाधार विकास | ९०७८२७४० | ६२०३५१८५ | ६८।३३ |
| ३ | सामाजिक विकास | २१११५३००० | १९१७७९४७७।६१ | ९०।८२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०७००००० | १००१७००१ | ९३।६२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९३९२३२६० | ७७२७६६६३।८९ | ८२।२८ |
| **जम्मा** | | **४६७५७३०००** | **३९८३८५६९२** | ८५।२० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिकमा सबैभन्दा बढी ४५।१६ प्रतिशत र सुशासनमा सबै भन्दा घटीमा २।२८ प्रतिशत रहेको छ ।

१६. **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २७,४१,३३१।०१ राजस्व बाँडफाँड र अनुदानबाट रु ४२,६८,२४,८६२।३९ समेत रु ४२,९५,६६,१९३।४ आम्दानी भएकोमा चालु तर्फ रु २६,००,२४,४०५।४५ र पूँजिगत तर्फ रु १३,८३,६१,२८६।५५ समेत रु ३९,८३,८५,६९२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।६९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७९,००,००० खर्च भएको छ जुन आन्तरिक आयको २८८।१८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२।२७ प्रतिशत चालु र ३४।७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१७. **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट नगद रु. १० लाख खर्च गरी पालिका भित्रका ५ वडावासीलाई निवेदनका आधारमा रु. ८ हजार देखि १५ हजार सम्म वितरण

गर्ने गरिएको पाइयो ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने ।

१८. **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २६।७५ देखि ४८।०८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र. सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Netakhan Markot Sadak Marmat, Badikedar -5 | BRM/NCB/W-1/2079/080 | Prasna Construction, Dhangadhi, Kailali | ४३७४७९६ | २१९३६६९।३६ | ४८।०८ |
| २ | Construction of Ward Office Building of Ward No. 1 | 01/2076/077/BRM | Mastha Builders, Dhangadhi -3, Kailali | ७७७५३७८।८८ | ५२८४९५०।२ | ३२।०२ |
| ३ | Construction of Badikedar Rural Municipalit | BRM/NCB/W-02/2077/78 | Sunlight Construction Pvt. Ltd. Mangalsen | ४८८०४४७९।६२ | ३५७४७२८।९७ | २६।७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | y Office Building | | -6, Achham | | | |
| ४ | Construction of 10 Bed Hospital Building | BRM/NCB/W-03/2077/78 | Dhulekhel-L.B. and A.B. Jaya Shree Balaji JV, Dhangadhi, Kailali | १०३२८४३०८।०२ | ७२६१९३६७।५७ | २९।६८ |
| **जम्मा** | | | | १६४२३८९६२।५२ | ८३६७२७१६।१ | |

१९. **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२०. **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सोझै खरिद विधिबाट अत्यावश्यक औषधि खरिद(संघीय सशर्त) बजेट उप शिर्षकबाट सुयोग्य फार्मेसी धनगढी, कैलाली फर्मसँग रु.४९९८१३ र गोदावरी मेडीसिन सप्लायर्स फर्मसँग रु.६७४२९० को औषधि खरिद गरेको देखिन्छ। भने पालिकाको स्वास्थ्य शाखा तर्फ सोझै खरिद विधिबाट अत्यावश्यक औषधि खरिद बजेट उप शिर्षकबाट रौलाकेदार मेडीसिन सप्लायर्स फर्म अत्तरिया, कैलालीसँग रु. ४९९२९९ गरी जम्मा रु. १६७३४०२ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२१. **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९३७ जना रहेका छन। पालिकाले ११२४४ थान स्यानिटरी प्याड रु. ७७५८११ (मु अ कर समेत) मा सोझै खरिद विधिबाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा

वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२२. **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गत वर्ष १५० थानको रु.१३३५०० र यस वर्ष १२५ थान को रु. ११२३७३ खरिद गरेकोमा गत वर्ष १३५ जना र यस वर्ष १३६ जना गरी २७१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२३. **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Preparation of Detailed Project Report(D.P.R) of Deuli-Mannakapadi Road of Ward No.1&4 | सियरा इञ्जिनियरिङ कन्सल्टेन्ट प्रा लि ललितपुर | ९६४१७९।१७ | ९५७११० | ७५९८२०१७०।३९ |
| Consultancy Hiring on DPR Preparaation of Stadium at Badikedar R.M.-01, Deuli, Doti | विर वेताल इञ्जिनियरिङ कन्सल्टेन्सी धनगढी | ४८२३९३।३३ | ४८०८१५ | १५४४३८१३२।९३ |
| Detail Engineering Survey, Detailed Design and Preparation of Report (DPR) of | यु डि के इञ्जिनियरिङ कन्सल्टेन्सी वर्दगोरिया कैलाली | १९२८४२२।७७ | १९२५२४८ | १४३६७०८०८२।५२ |

| | | | | |
|---|---|---|---|---|
| Baghcheda-Ghangal-Jadi Road of Ward No. 3 | | | | |
| Consulting firm for Preparation of DPR for Tourism Development Area Melghatti Deu | ढोर वाराही इञ्जिनियरिङ सर्भिसेस प्रा लि काठमाडौं | ४८२५२०।७४ | ४८१६०६ | ३२५६२४६५।६५ |
| Preparation of Land Use plan of Badikedar Rural Municipality, Khadyauli, Doti | Smart Engineering and Design Pvt. Ltd. Gothatar, Kathmandu | ९५०६४४।१४ | ९४८६३५ | |
| Consulting Service for Preparation of Design, drawing and detail estimate of Kedar Jyotipunja Multiple Campus, Bipinagar Doti. | द धनगढी कन्सल्ट प्रा लि धनगढी | २९९१४३।७७ | २९३८०० | ४६९०३५८०।३५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

---

२४. **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा

नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| 001/076/077/BRM | Mastha Builders Dhangadhi -03, Kailali | ५२८४९५०.२५ | BOQ मा रकम नभएको | ३८८७६।८९ |
| BRM/NCB/W-02-2077/078 | Sunlight construction Pvt. Ltd. Mangalsen 06 Achham | ३५७४७७२८.९७ | २५९६०१।८२ | |
| BRM/NCB/W-03-2077/078 | Dhulikhel - L.B. and A.B Jay shree Balaji JV Dhangadhi Kailali | ७२६१९३६७.५७ | ४७६४२६।७६ | |
| BRM/NCB/W-1/B/2079-080 | AARC Construction Dhangadhi -05, Kailali | २१९३६६९.३६ | BOQ मा रकम नभएको | २१८७३।९८ |

२५. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२६. **अधुरो आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस

स्थानीय तहले यो वर्ष सम्म देहायअनुसार रु. ३३९५७९२।४३ को योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| **क्र.सं.** | **निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम** | **सम्झौता रकम** | **सम्झौता मिति** | **पटक पटक म्याद थप** | **कैफियत** |
|---|---|---|---|---|---|
| BRM/NCB/W-1/B/2077/78 | Aarc Construction Dhangadhi -5, Kailali<br><br>Construction of Two Quarter Building in Khadyauli | ३३९५७९२।४३ | २०७८।०३।१५ | मिति २०७९।०५।२९ मा म्याद थप गर्ने कार्यपालिकाबाट निर्णय भएतापनि निर्माण व्यवसायीले PG थप नगरेको । | कार्य नै सुचारु नगरेकोले सम्बन्धित निर्माण व्यवसायीको रु. ११६७४९८।१५ को PG |

५२.१ कार्यसम्पादन जमानत रकम जफत गर्ने सम्बन्धमा मेगा बैंक नेपाल लिमिटेडलाई च.नं. १४८२ मिति २०८०।०२।२६ मा पत्राचार गरी विविध खर्च खातामा कार्यसम्पादन जमानत बापतको रु ११,६७,४९८।१५ जम्मा भएको देखियो ।

५२.२ सम्झौता अनुसार कार्य शुरु नै नगर्ने सम्बन्धित निर्माण व्यवसायीलाई कानून बमोजिम कालोसूचीमा राख्न पालिकाले समयमै सम्बन्धित निकायमा सिफारिस गर्नुपर्दछ ।

२७. **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२८. **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७५।१२।०१ | १ | व्यक्तिद्वारा अनुदान | एम्बुलेन्स |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०७७।०३।२२ | १ | ११६०० | ल्यापटप Dell i7 |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०७५।०२।११<br>२०७६।०९।०९ | १<br>१ | २४९९००<br>मूल्य नखुलेको | मोटरसाइकल |

२९. **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ४ वटा नियमावली, १९ कार्यविधि लगायत ३५वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त सबै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३०. **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १ गरी कुल ४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फस्यौंट भई ० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१. **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३३. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.३०००००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २७४१३३१।०१ को १०८।६२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३४. **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. ४१६५००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३५. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, कृषि अधिकृत, भेटेरिनरी अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

३६. **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ८८,४८,२५३ भुक्तानी

गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| मेडिकल अधिकृत, सहायक कम्प्युटर अपरेटर, नायब प्राविधिक सहायक | ३० | ८८,४८,२५३ |

३७. **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ११ कर्मचारीको रु.९०,२५,९१४।३० र पालिकाका १५ कर्मचारीको रु.१,२५,१७,३२०।४६ समेत रु. २,१५,४३,२३४।७६ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३८. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. ८२८००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

३९. **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४०. **सवारीसाधन खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन वापतको रु. २९,११,७५०।९० भुक्तानी गरी यसै आ.व मा खरिद गरेको उल्लेख छ । उक्त मुल्यका सवारी साधन सुत्रबाट प्राप्त पालिकाको यस आ ब को आन्तरिक आय रु. ३५,७९,८०५।०१ को ८१।३४ प्रतिशत रहेको देखिन्छ । आवश्यकतामा आधारित रही सवारी साधान खरिद गर्नुपर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | खरिद मिति | रकम |
|---|---|---|---|---|
| १ | मोटरसाइकल FZS/Honda | १ | २०७९।०८।१३ | ३,४७,९०० |
| २ | मोटरसाइकल Honda | १ | २०८०।०१।०८ | ३,४५,९००।२० |
| ३ | व्याक हो लोडर BOBCAT | १ | २०७९।१२।०३ | ४५,४९,९९९ |
| ४ | ट्याक्टर र ट्रली | १ | २०७९।१२।०७ | २०,९८,०००।१२ |
| **जम्मा** | | | | **७३,४१,७९९।३२** |

४१. **वित्तीय बिबरणको परीक्षण -**

४१.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४१.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५,५८,९३,७५२ र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,६१,००० समेत गरी रु. ५,६३,५४,७५२सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४१.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६६,५१,०४६.७४, यस वर्षको प्राप्ति रु.

७,६५,४०,२१४.२८,यस वर्षको भुक्तानी रु. ५,६३,५४,७५२र बैङ्क मौज्दात रु. १,३५,३४,४१५.५४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४,०५,७२,४२२।०२ | ४१३१५९१७१.३५ | ४०,२४७९७२१ | ५१२५१८७२.३७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३३९२१३७५.२८ | ४८९६९९३८५.६३ | ४५८८३४४७३ | ६४७८६२८७.९१ |
| फरक | ६६,५१,०४६.७४ | ७,६५,४०,२१४.२८ | ५,६३,५४,७५२ | १,३५,३४,४१५.५४ |

४१.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ३,३९,२१,३७५.२८ मौज्दात रहेकोमा यो वर्ष रु. ४,०५,७२,४२२.०२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६६५१०४६.७४ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

४१.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४५२८४१३८।७२ | ४५२८४१३८।७२ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ३३४८१६४।६५ | ३३४८१६४।६५ | ० |
| प्रकोप व्यवस्थापन कोष खाता | ० | ९३०७७ | ९३०७७ |

| | | | |
|---|---|---|---|
| स्थानीय तह धरौटी खाता | २६१९५६९ | २६१९५६९ | ० |
| बैङ्क | ५१२५१८७२।३७ | ५१३४४९४९।३७ | ९३०७७ |
| **जम्मा** | | | ९३०७७ |

स्रेस्ताअनुसार मौज्दात रु. ५,१२,५१,८७२.३७ र बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. ५,१३,४४,९४९.३७ विच फरक रु. ९३,०७७ पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४१.६ पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १, ०२,७१४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,७१४ |

४२ **अदुवा बेसार पकेट-** अदुवा बेसार पकेट- प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना म्यानुअलको अनुसूची १० अनुसारको पेस भएको प्रस्तावहरुलाई अनुसूची ११ अनुसार मूल्याङ्कन गरी प्राथमिकता क्रम निर्धारण गरी छनौट गर्नुपर्ने व्यबस्था रहेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण अन्तर्गत तरकारी बालि पकेट कार्यक्रमका लागि जनएकता कृषि समूहसँग रु. ३,५५,३४४ को सम्झौता भएकोमा पालिकाले अनुसूची ११ अनुसारको मूल्याङ्कन नगरी अनुदान वितरण गरेको पाईएको छ । यसरी कार्यविधिको पालना नगरि अनुदान वितरण गर्दा पाउनुपर्ने वास्तविक लाभग्राहीले नपाउने जोखिम विद्यमान रहन्छ । यस्तो कार्यमा तत्काल सुधार हुनुपर्दछ ।

४३. **बितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवा बेसार पकेट कार्यक्रमका लागि रु. ६,००,००० को अदुवा खरिद गरेको छ तर वितरण भरपाई संलग्न गरेको पाईएन । अतः प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

४४. **प्रमाण पेस नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा

खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले पोषण सुधार कार्यक्रमकामा ७ वटा भैसि रु. ५०,००० का दरले किन्नका लागि रकम वितरण गरेको तर खरिद गरेको प्रमाण पेस नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

४५. **कृषि र पशु अनुदान -** बडिकेदार गाउँपालिकाले कृषक समुहहरुसँग सम्झौता गरी अनुदानको भुक्तानी दिँदा सम्वन्धित प्राविधिकको विल, कार्यसम्पन्न प्रतिवेदन, कृषि विकास शाखा र वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन सहित कागजात पेस हुनुपर्ने उल्लेख छ । पालिकाले यस आ व मा वितरण गरेका कृषी सामाग्री र अन्य अनुदान सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्ः

- कृषकको आबश्यकता र निजको जग्गा तथा निजको व्यबसायिक ज्ञान सुनिश्चित हुने आधार नलिई कृषकले दिएको निवेदनलाई आधार मानि सिलाँई मेसिन जस्ता कृषी औजार र घाँसको विउ, बाख्रा, गहुँको बिउँ, मलखाद वितरण गरेको पाईयो ।

- कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट मापदण्ड तयार गरेको पाइएन ।

- सम्झौता वमोजिम कृषि शाखाको सिफारिस अनिवार्य संलग्न राख्नु पर्नेमा सिफारिस गरेको पाईएन ।

- पालिकाबाट प्रदान गरेको अनुदानले लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित राखेको पाईएन ।

- पालिकाले वितरण गरेको अनुदानले कृषि उत्पादनमा बृद्धि भएको छ /छैन यस्तो अनुदानलाई निरन्तरता दिने कि नदिने जस्ता विषयमा पालिकाको ध्यान गएको पाईदैन ।

पालिकाले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गरी अनुदान उययोगको सुनिश्चिता गरी कृषि उत्पादनबाट किसानको जीवनस्तरमा सुधार ल्याएको सुनिश्चित गर्ने प्रकृया तयार गरेरमात्र अनुदान दिनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४६. **अनुगमन र प्रतिवेदन -** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ।सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको

समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ ।

४७. **विद्यार्थी संख्याको सत्यापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ । विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ । यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

४८. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ वटा सामुदायिक विद्यालयमा १५९ शिक्षक दरवन्दी रहेकोमा १५९ शिक्षकको पदपूर्ति रहेको छ । शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१)) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । पालिकाका स्थित ४१ वटा सामुदायिक विद्यालयमा ५२४३ जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयहरुको नमुना छनौट गरि हेर्दा देखिएको ब्यहोरा निम्नानुसार छन् ;-

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | केदार आ.वि | ३ | ३ | ४७ | १:१५ |
| २ | मालिका आ.वि | ३ | ३ | ५७ | १:१९ |
| ३ | दुर्गा मा.वि | ६ | ६ | १५१ | १:२५ |
| ४ | बर्छेन मा.वि | १४ | १४ | ४६१ | १:३२ |
| ५ | मेलघड आ.वि | ३ | ३ | १७७ | १:५९ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१५ देखि १:५९ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

४९. **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

५०. **दिवा खाजाको अनुगमन मुल्याङ्कन नगरेको -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ४१ विद्यालयका लागि दिवा खाजा बापत गो.भौ नं ४० मिति २०७९।९।२२ मा रु. १४,०४,३२० र गो.भौ नं १२८ मिति २०७९।१२।२२ मा २४,२७,१३५ विद्यालयहरुको खातामा रकम निकासा गरेको पाइयो । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन । पालिकाले निकासा गरेको रकमको तोकिए अनुसार खर्च भए नभएको सुनिश्चित हुने अबस्था रहेन । पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि निकासा रकमको उच्चतम सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

५१. **पालिका स्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७९/८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको

ब्रेकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सबै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ।

५२. **मुअकर रकम कट्टी -** सामाग्री खरिदको बिल रकम भुक्तानी गर्दा नियमबमोजिम भ्याट रकमको ३० प्रतिशत कट्टा पालिकाले दाखिला गर्नुपर्नेमा सो रकम कट्टा नगरी भुक्तानी गरेकोले तपशिल बमोजिमको मुअकर रकमको ३० प्रतिशत हुने आउने रकमको मुअकर समायोजन पेश गर्नुपर्ने रु.

| गोश्वारा भौचर | नाम | सामाग्री | ३०% हुन आउने रकम |
|---|---|---|---|
| ३५/२०७९।१२।२४ | अलस्का अर्थ मोभर्स सप्लायर्स | ट्याक्टर खरिद | ८१८२२ |
| २५/२०८०।१।८ | सुरुची सर्जिकल सप्लायर्स | Inj oxytocin | १५५९४ |
| ३९४/२०८०।२।२४ | ढोरबाराही इन्जिनियरिङ्ग | सेवा परामर्श | १६६२१ |
| ३९५/२०८०।२।२४ | सिएरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | सेवा परामर्श | ३३०३३ |
| ४०५/२०८०।२।३२ | एए यस सि ट्रेडिङ्ग एण्ड काउन्सिलिङ्ग इन्सिच्युट | मध्यकालिन खर्च संरचना निर्माण | १०२९६ |
| ४०६/२०८०।२।३२ | ए एण्ड ए इन्जिनियरिङ्ग कन्सल्टेन्सी | आवधिक योजना निर्माण | १७१२१ |
| ५२८/२०८०।३।२४ | विश्वेताल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | सेवा परामर्श | १६५९४ |
| ५३०/२०८०।३।२४ | स्मार्ट इन्जिनियरिङ्ग एण्ड डिजाईन सोलुसन प्रालि | भुमी सम्बन्धी तथ्यांक संकलन | ९८२२ |
| २/२०७९।११।०५ | प्रश्ना कन्स्ट्रक्सन | नेटेखान मार्कोट सडक निर्माण | २५७६७ |
| जम्मा | | | २,२६,६७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२६,६७० |

५३. **नेटेखान मार्कोट सडक निर्माण -** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने व्यबस्था छ। म्याद थप नभएमा र सम्झौता मिति भित्र कार्य सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजमि पूर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने हुन्छ। सडक बोर्ड नेपाल समपुरक कोषबाट निर्माण भएको ठेक्का नं BRM/NCB/W-01/2079/80 रहेको गेटेखान मार्कोट सडक निर्माणको लागि प्रश्रा कन्स्ट्रक्सनसँग मिति २०७९।८।२९ सम्म सम्पन्न गर्ने गरी २०७९।७।४ मा रु. ४२,१८,५९५ को कबोल अंकमा ४८ प्रतिशत डिस्काउन्ट पछी रु. २१,९३,६६९ को सम्झौता भएको देखिन्छ। यस सडक निर्माण कार्य हालसम्म सम्पन्न नभएको र नियमबमोजिम म्याद थप नभई मिति २०७९।११।२९ दोस्रो रनिङ्ग विल उठाई भुक्तानी गरेको देखिन्छ। यसरी पूर्वनिर्धारीत नलगाई ठेक्काको म्याद समाप्त भए पश्चात भुक्तानी गरेकोमा नियम बमोजिम पूर्वनिर्धारीत क्षतिपूर्ती रकम सम्बन्धित निर्माण व्यवसायिवाट असुल उपर गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,५२१ |

५४. **आन्तरिक आयतर्फ -**

५४.१ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले राजस्व उठाउन सफ्टवरको प्रयोग गरेतापनि पूर्णरुपमा कार्यान्वयनमा आएको देखिएन । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

५४.२ **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१७,०५,८२३।४४ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण

भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।

---

५४.३ **ढिला राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो यसमा तत्काल सुधार हुनुपर्दछ ।

| वडा नं. | आम्दानी मिति | रकम | दाखिला मिति |
|---|---|---|---|
| १ | २०७९ भदौ देखि फागुन १० सम्म | ३१,४६५ | २०७९/११/१५ |
| २ | २०७९ साउद देखि २०७९ चैत्रसम्म | ३६,३२७ | २०८०/१/३ |

---

५५. **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२७,२०८०/३/२४ | मोहन्यालेश्वर आ.वि | भवन निर्माण | २५१८७०३ |
| १२५,२०८०/३/२४ | जनता मा.वि सडेखाना | भवन निर्माण | ५०००००० |
| १२६,२०८०/३/२४ | बर्छैन मा.वि | भवन निर्माण | ४९८५५११ |
| जम्मा | | | १२,५०४,२१४ |

५६. **जिन्सी निरीक्षण तथा सम्पत्ती संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यबस्था रहेबमोजिम मिति २०८०।२।२६ मा समिति गठन भई जिन्सी निरीक्षण गरि प्रतिबेदन पेस गरेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली

२०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसमानहरु ३ महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व २०७९।८० को जिन्सी निरीक्षण प्रतिबेदनले १ मोटरसाईकल मर्मत गर्नुपर्ने तथा १ मोटरसाईकल, १ सफ्टवयर चालु हालतमा नरहेको भनि उल्लेख गरेको छ । उक्त नियमावलीको निमय ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धि व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनुपर्नेमा सो गरेको देखिएन । जिन्सी निरीक्षण प्रतिबेदनले उल्लेख गरेअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारबाही अगाडी बढाउनुपर्ने देखिन्छ । साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई अनिवार्यरुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकामा ६ वटै वडा कार्यालयले छुट्टाछुट्टै Manual जिन्सी दाखिला गर्ने गरेको पाईयो । पालिका भित्रको सम्पत्तीको लेखाङ्कन एकीकृतरुपमा PAMS मा गर्नुपर्ने हुँदा यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५७. **केदार ज्योतिपुञ्ज बहुमुखी क्याम्पसलाई अनुदान -** नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ। पालिकाले केदार ज्योतिपुञ्ज बहुमुखी क्यापसलाई रु २०,००,००० अनुदान दिएको रकम मनासिब देखिदैन। कार्य क्षेत्र भित्र नपर्ने निकायलाई अनुदान दिने अभ्यासमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

५८. **ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययित तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले पालिका भित्रका ३२ वटा विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई जडान गरेको विल पेश गरेको आधारमा पालिकाले प्रत्येक विद्यालयलाई रु. ७३,९०० का दरले जम्मा रु. २३,६४,८०० भुक्तानी गरेको छ। पालिकाले रकम सुनिश्चितता भएपश्चात पालिका भित्रका विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको आवश्यकता यकिन तथा लागत अनुमान तयार गरि सार्वजिनिक खरिद कानुन बमोजिम बोलपत्र खरिद प्रकृया मार्फत खरिद गर्नुपर्ने देखिन्छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम प्रतिस्प्रर्धात्मक विधि नअपनाई साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले विद्यालयहरुलाई दिएको

विलको आधारमा सम्बन्धित विद्यालयको खातामा रकम निकासा गरेको देखिन्छ। साथै पालिकाले विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई जडान भएको, सञ्चालनमा रहको सम्बन्धमा अनुगमन समेत गरेको छैन्। पालिकाले सार्वजिनक खरिद कानून बमोजिम विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको लागि साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. छनौटको पुष्टि खुल्ले कागजात र जडान भएका उपकरणहरुको अवस्थाको अनुगमन सहितको प्रतिवेदन पेश सहित नियमसम्मत गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| अनियमित भएको | २३,६४,८०० |

५९. **वडागत खर्च -** पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा | खर्च |
|---|---|
| १ | ६८३५४१ |
| २ | ५००००० |
| ३ | १०७५९८८ |
| ४ | ४९७८०० |
| ५ | ५७२२११ |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडा पनि गर्ने गरेकोले काममा दोहोरोपना पर्ने जोखिम देखिएको तथा आफ्नो अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको छ। कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिएको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय सञ्चालनका लागि आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नुपर्दछ।

६०. **कृषि अनुदान कार्यक्रम -** पालिकालले बजेट विनियोजन गरी कृषि तथा पशु सम्बन्धी विभिन्न समाग्री वितरण गर्ने तथा फर्महरुलाई अनुदान हस्तान्तरण गर्ने कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ। पालिकाले यस्ता कार्यक्रम सञ्चलान गर्दा अनुदानलाई प्रतिस्प्रर्धी बनाई योग्य लाभग्राही छनौट गरेको पाईएन। अनुदान दिएपछी कृयाकलापगत अनुगमन, मुल्याङ्कन गरी वास्तविक प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले अनुदान वितरण मात्र गरी उपलब्धि मापन नगर्दा अनुदानमा खर्च गरिएको रकमको औचित्यता पुष्टि नहुने देखिन्छ। पालिकाले कृषि कार्यक्रमहरु सञ्चालन गर्दा योग्य लाभग्राहीहरु छनौट गरी नियमित अनुगमन, मूल्याङ्कन तथा

प्रतिवेदन मार्फत अनुदानलाई उपलब्धिमुलक बनाउनु पर्दछ। पालिकाबाट भएका अनुदान वितरणका केहि उदाहरणहरुः

| कार्यक्रम | लाभग्राही | रकम |
|---|---|---|
| भैसीपालन कार्यक्रम | सात कृषक समुहलाई प्रति समुह ५०,००० का दरले भुक्तानी | ३,५०,००० |
| कार्यक्रम नखुलेको | सात कृषक समुहलाई प्रति समुह ५०,००० का दरले भुक्तानी | ३,५०,००० |
| बाख्रा खरिद | सुनडा कृषक समुहलाई भुक्तानी | १,१०,००० |

६१. **फरक शिर्षकमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखानियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिलबमोजिमको विभिन्न फरक खर्च शिर्षकमा रु.२१६५९७० खर्च गरेको पाईयो ।बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा रहेको खर्च शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा ऐन तथा नियम विपरित अन्य खर्च शिर्षकबाट भुक्तानी भएको हुँदा अनियमित भएको रु.

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी लिनेको नाम | भएको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| | पूँजिगत तर्फ | | | | |
| १ | ७,२०७९/९/२० | सतविर राना | एक्साभेटर भ्याकु र टयाक्टर मर्मत तथा ईन्धन खर्च | भ्रमण खर्च | ३४००० |
| २ | ५२,२०७९/१२/२७ | मंगेश्वर निर्मण सेवा | गाउँपालिका भवन निर्माण क्रमागत | सडक निर्माण | ८४०२७९ |
| ३ | १२०,२०८०/२/४ | किसान ट्रेडिङ्ग कन्सर्न प्रा.लि | गाउँपालिका भवन निर्माण क्रमागत | मो.सा खरिद | ३५१५०० |
| ४ | १५५,२०८०/२/२४ | भक्त बहादुर साँउद | एक्साभेटर भ्याकु र टयाक्टर मर्मत तथा ईन्धन खर्च | करार सेवा शुल्क | २४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २०४,२०८०/३/१८ | भट्टेबस्ती दलित कर्कटपाता उपभोक्ता समिति | भ्याकु तथा ट्याक्टर खरिद | भट्टेबस्ती दलित कर्कटपाता खरिद | ३३५३७९ |
| ६ | २१२,२०८०/३/१९ | राम चौधरी | एक्साभेटर ईन्धन मर्मत तथा नयाँ कटिङ | करार सेवा शुल्क | ५१३६० |
| ७ | २१४,२०८०/३/१९ | शेर वहादुर बोहरा | एक्साभेटर ईन्धन मर्मत तथा नयाँ कटिङ | करार सेवा शुल्क | ९२९५० |
| ८ | २१६,२०८०/३/१९ | न्यु जे.एन ट्रेडर्स | भ्याकु तथा ट्याक्टर खरिद | मर्मत खर्च शिर्षक | ३६५०२ |
| ९ | २५९,२०८०/३/२४ | खकरगाँड ग्याविन जाली उपभोक्ता समिति | गाउँपालिका भवन निर्माण क्रमागत | खकरगाँड ग्याविन जाली | ४००००० |
| | चालु तर्फ | | | | |
| | २३,२०७९/७/४ | उग्रतारा ट्रेडिङ्ग एण्ड सप्लायर्स | विविध खर्च | मसलन्द तथा कार्यालय सामाग्री | ६८९३० |
| | २२२, २०७९/१२/१६ | तेत्रि ट्रेडर्स एण्ड सप्लायर्स | पुस्तक तथा सामाग्री खर्च छपाई | ईन्टरनेट खरिद तथा जडान | ७०९२५४ |
| | २८५,२०७९/१२/२७ | भागरथी देवी दमाई | भ्रमण खर्च | सिलाई कटाई सम्वन्धी सामान खरिद | ८०००० |
| जम्मा | | | | | २१,६५,९७० |

| | |
|---|---|
| अनियमित भएको | २१,६५,९७० |

६२. **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण र कार्यालय व्यवस्थापन लगायतमा रु.२४०,००० अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| **क्र सं** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| १ | सुनौलो सहकारी सस्था | व्यवस्थापन खर्च | ६०००० |
| | मन्नाकापडी बहुउदेश्यि महिला सहकारी सस्था | सोलार जडान | १००००० |
| २ | रत्तर विर एकता समुह | व्यवस्थापन खर्च | ८०००० |
| जम्मा | | | २,४०,००० |

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

६३. **पदमार्ग निर्माण -** पालिकाले मिति २०७९/५/२७ मा निर्णय गरी आ.व २०७९/८० का लागि पालिकाबाट संचालन हुने योजनामा विनियोजन रकमको २० प्रतिशत जनश्रमदान अनिवार्य रुपमा हुनुपर्ने उल्लेख भएकोमा पालिकाले संचालन गरेको भैरवस्कुल देखी विठारा रोड सम्म पदमार्ग निर्माण कार्यको भुक्तानी दिँदा जम्मा कार्यसम्पन्न भएको रकम रु.२३,५४,०५९ को रु.४,७०,८११ जनश्रमदान कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्नेमा रु.४,६०,०२६ मात्र जनश्रमदान कट्टी गरी भुक्तानी दिएको हुँदा कार्यपालिकाको निर्णय विपरित कम कट्टी भएको जनश्रमदान वापतको रकम रु.१०,७८५ सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,७८५ |

६४. **असम्वन्धित खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको देखिएको छ ।

| **क्र स** | **गो.भौ.नं र मिति** | **कार्यलय वा संस्थाको नाम** | **कामको प्रकृतिको** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| 1 | २५२,२०८०/३/२४ | प्रेश युनियन भवन निर्माण | भवन निर्माण | १४४००० |
| 2 | २३४,२०८०/३/२२ | शिद्धराज स्मृती भवन निर्माण | भवन निर्माण | १९४१५३ |

यसरी पालिकाले गरेको खर्चलाई मनासिव मान्न नसकिने हुँदा पालिकाले रोजगारी सृजना गरी पालिका भित्रका बासिन्दाको आर्थिक स्तर बृद्धि गर्न सहयोग पुर्‍याउने प्रकृतिका कार्य गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

६५. **कटपत्रे सुनारी सडक निर्माण -** पालिका र कटपत्रे सुनारी सडक निर्माण उ.स बिच भएको सम्झौता अनुसार पालिकाको डोजर प्रयोग गरेबापत प्रतिघण्टा १३०० का दरले भुक्तानी गर्ने सम्झौता भएकोमा उपभोक्ता समितिले तयार गरेको लगबुक र निर्णय अनुसार १११.८ घण्टा प्रयोग भएको देखिएकोले सम्झौता अनुसार रु.१,४५,३४० पालिकाको राजश्व खातामा दाखिला गर्नुपर्नेमा रु.१,४३,००० दाखिला गरेको हुँदा कम दाखिला भएको रकम रु.२,३४० सम्वन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३४० |

६६. **वितरण भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले वडा अध्यक्ष टुहुरा बालबालिका कार्यक्रम उल्लेख गरी ना.प्रा.स श्री महेन्द्र बोहरालाई रु.१,१५,००० भुक्तानी दिएकोमा खरिद गरेका सामाग्री वितरण गरेको भरपाई संलग्न नराखेको हुँदा भरपाई पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१५,००० |

६७. **शिक्षक सहयोग अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका विद्यालयहरूमा २७ जना आधारभुत तह, २ जना माध्यमिक र ९ जना बालविकास गरी जम्मा ३८ जना शिक्षक नियुक्ती गरी रू.१,०६,७०,२४० भुक्तानी गरेको छ शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चलाई मनासिव मान्न नसकिने हुँदा पालिकाले शिक्षक विद्यार्थि अनुपात मिलाई दरवन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६८. **स्टेशनरी वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले अपाङ्ग टुहुरो तथा अतिविपन्न बालबालिकालाई स्टेशनरी वितरण कार्यक्रम उल्लेख गरी रु.१,०३,५०० को स्टेशनरी खरिद गरेकोमा वितरण गरेको भरपाई संलग्न नराखेको हुदा भरपाई पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०३,५०० |

६९. **आवाशिय विद्यालय विकास कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले

सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। पालिकाले आवशिय विद्यालय विकास कार्यक्रम उल्लेख गरी श्री मेलघरी आधारभुत विद्यालयलाई रु.५,००,००० प्रश्तावना का आधारमा मात्र भुक्तानी गरेको छ । शिक्षक नियुक्ती, वि.व्य.स को निर्णय, हाजिरी उतार तलवि भरपाई लगायतका खर्चलाई प्रमाणीत गर्ने कागजात तथा प्रमाण संलग्न राखेको पाईएन ।माथि उल्लेखित कार्यको खर्च प्रमाणीत हुने कागजात तथा प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७०. **झोलुङ्गे पुल -** पालिकाले वेवरम गुमाडि झो. पु उपभोक्ता समितीसँग गरेको सम्झौता अनुसार झो. पु निर्माणका लागि लाग्ने कुल खर्चको १३ प्रतिशत रकम पालिकाको स्रोतबाट भुक्तानी गर्ने उल्लेख भएकोमा यस आर्थिक बर्षमा कार्यसम्पादन भएको रकम रु.१४,०३,८९३ भुक्तानी गर्दा सम्झौता अनुसार १३ प्रतिशतले हुने रकम रु.१,७७,३०६ को साझेदारी पालिकाले गर्नु पर्नेमा कार्यसम्पन्न अनुसारको सवै खर्च रकम झो. पु क्षेत्रगत कार्यक्रमबाट भुक्तानी गरेकोले सम्झौता अनुसारको रकम पालिकाले सोधभर्ना गरी बढी साझेदारी भएको रकम झो. पु क्षेत्रगत कार्यक्रमलाई सोधभर्ना गर्नुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,७७,३०६ |

७१. **पुँजीगत खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र ब्याख्या, २०७४ मा पूँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतीको खर्च गर्न नपाईने उल्लेख छ। पालिकाले कार्यपालिकाको निर्णय बमोजिम पूँजीगत खर्च शिर्षकबाट शिक्षक तलबभत्ता, कर्मचारी पोषाक भत्ता, खेलकुद कार्यक्रम जस्ता निम्नलिखित चालु प्रकृतीको खर्च भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गोश्वारा भौरच | विनियोजित बजेट शिर्षक | खर्च गरिएको शिर्षक | रकम |
|---|---|---|---|
| ३३/२०७९।१२।२१ | गाउँपालिका भवन निर्माण क्रमागत | करार कर्मचारीको पोशाक भत्ता | ८,००,००० |
| ३४/२०७९।१२।२३ | गाउँपालिका भवन मर्मत तथा भवन निर्माण | खेलकुद कार्यक्रम | ७,५०,००० |
| ३६/२०७९।१२।२४ | गाउँपालिका भवन निर्माण क्रमागत | जिल्ला खेलकुद समितिलाई भुक्तानी | १,५०,००० |
| ६८/२०७९।१२।२८ | गाउँपालिका भवन निर्माण क्रमागत | भत्ता भुक्तानी | ८८,४२५ |
| ७१/२०७९।१२।२८ | गाउँपालिका भवन निर्माण क्रमागत | तलब भत्ता भुक्तानी | ९७,२५० |

| | | | |
|---|---|---|---|
| १६२/२०८०।२।३० | गाउँपालिका भवन निर्माण क्रमागत | खेलकुद कार्यक्रम | १,००,००० |
| २२९/२०८०।३।२१ | गाउँपालिका भवन निर्माण क्रमागत | डिपिआर खर्च | १९,२५,२४८ |

| | |
|---|---|
| अनियमित भएको | ३८,१३,६७३ |

७२. **आईटी ल्याब व्यवस्थापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरि स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्टयाण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ ।पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

| क स | गो.भौ.नं र मिति | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ७६,२०८०/३/७ | चौडेल आधारभुत विद्यालय | ६४९००० |
| २ | ९५,२०८०/३/१९ | मेलघडी आधाभुत विद्यालय | ६५०००० |
| | | जम्मा | १२,९९,००० |

७३. **गजुरको विलभरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका उपभोक्ता समितिहरुले मन्दिर निर्माण गर्दा जगुर खरिदको लागि भुक्तानी भएको रकम बमोजिम विल पेश नभएकाले फरक रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रकम रु.

| गोश्वारा भौचर | उपभोक्ता समिति | बढी भुक्तानी भएको रकम |
|---|---|---|
| ४५/२०८०।२।८ | गौरा देवी मन्दिर निर्माण उस | ६००० |
| ६६/२०८०।२।२१ | देवि मन्दिर बडिकेदार | १२९२८ |

| | | |
|---|---|---|
| ७०/२०८०।२।२६ | दुर्गा भगवती मन्दिर निर्माण उस | १८५०० |
| ९७/२०८०।३।१९ | सरस्वती मन्दिर निर्माण उस | ६२०० |
| ११२/२०८०।३।२२ | डुणा मन्दिर उस | ३००० |
| १२१/२०८०।३। | केदार्नी माणु निर्माण उस | ७००० |
| १२३/२०८०।३।२४ | सरस्वती मन्दिर निर्माण | ६६९३ |
| जम्मा | | ६०३२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,३२१ |

७४. **ईन्धन खर्चको प्रमाण पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले विभिन्न योजनामा पालिकाको डोजर प्रयोग गर्दा खर्च भएको उल्लेख गरी वडा नं ३ वडा अध्यक्ष श्री राम बहादुर गुरुङलाई ८०१५ लिटर डिजेल र वडा नं १ का वडा अध्यक्ष डवल बहादुर बोहरालाई २१५० लिटर डिजेल बुझेको भरपाईका आधारमा रु.२०,९७,५५९ खर्च गरेको पाईयो । कुन- कुन योजनामा कती डिजेल प्रयोग भयो सोको अभिलेख नराखी र वास्तविक भएको कार्यको मापन समेत नगरी डिजेल बुझेको भरपाईको आधारमा मात्र खर्च लेख्नु मनासिव देखिएन ।प्रत्येक योजनामा भएको ईन्धन खर्च खुल्ने लगबुक तथा अभिलेखका साथै वास्तविक कार्य भएको देखिने नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९७,५५९ |

७५. **सेवा शुल्क -** पालिका र केदार ग्रामिण समाज विच मिति २०७७/१२/२६ मा भएको सम्झौता अनुसार शर्भे, डिजाईन, लागत ईष्टमेट तयार भएपछी ३० प्रतिशत, फलामको लठ्ठा तन्काएपछी ३५ प्रतिशत र पुलको अन्तिम नाँप जाँचपछी ३५ प्रतिशत सेवा शुल्क भुक्तानी दिने उल्लेख भएकोमा पालिकाले सम्झौता विपरित केदार ग्रामिण समाजलाई पहिलो किस्तामा दिनुपर्ने भन्दा तपसिलबमोजिमको रु.१,५४,६२३ बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स | झो.पु को नाम | जम्मा सेवा शुल्क | पहिलो किस्तामा हुने सेवा शुल्क | पहिलो किस्तामा भुक्तानी भएको सेवाशुल्क | बढी भएको सेवा शुल्क |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | देवली चमरीखेत झो.पु | ४३७७४३ | १३१३२३ | १४०००० | ८६७७ |
| २ | कोटकेना ओखलढुगां झो.पु | ३२०२८६ | ९६०८६ | १२५००० | २८९१४ |
| ३ | नाकाकोट ट्रस झो.पु | २०५७५५ | ६१७२६ | १००००० | ३८२७४ |
| ४ | चौरखोला झो.पु | ४१६१०७ | १२४८३२ | १२५००० | १६८ |
| | छेडागाड टिमुट्ट ट्रस झो.पु | १८६३९० | ५५९१७ | ९५००० | ३९०८३ |
| | बगरगडा कापडा झो.पु | २५१६४४ | ७५४९३ | ११५००० | ३९५०७ |
| जम्मा | | १८,१७,९२५ | ७,००,००० | ५,४५,३७७ | १,५४,६२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,६२३ |

७६. **प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तपसिलबमोजिमको पाईप र सोलार खरिद गरेकोमा माग विवरण तथा लागत अनुमान र प्रमाणित नाप जाँच सहितको विवरण संलग्न राखेको छैन । के- कती परिमाणमा कँहा खपत भयो सोको नापी किताव सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स | गो.भौ.न.र मिति | सामाग्रीको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | १७८,२०८०/३/७ | HDPE पाईप खरिद | ५० MM १०४५ मिटर<br>२० MM ४६०० मिटर | ३८११२८ |
| २ | २३२,२०८०/३/२१ | HDPE पाईप खरिद | २० MM ८४२० मिटर<br>२५ MM १२०० मिटर<br>३२ MM ४०० मिटर | ४५६२६५ |
| जम्मा | | | | ८,३७,३९३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,३७,३९३ |

७७. **धामी गाउँ देवली सडक निर्माण -** पालिकाले धामिगाउँ देवल उपभोक्ता समिति सँग गरेको सम्झौता अनुसार पालिकाको एक्साभेटर प्रयोग गरे बापत प्रतिघण्टा रु.३,००० का दरले पालिकाको राजश्व खातामा दाखिला गर्नुपर्ने सम्झौता उल्लेख भएकोमा उक्त उपभोक्ता समितिले पालिकाको एक्साभेटर १२१.८ घण्टा प्रयोग

भएको लगबुक पेश गरेको तर सो अनुसार पालिकाको राजश्व खातामा रु.३,६५,४०० जम्मा गरेको पाईएन । उक्त दाखिला नभएको रकम धामिगाउँ देवल उपभोक्ता समितिबट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६५,४०० |

७८. **केदार्नी माँ मन्दिर निर्माण -** केदार्नी माँ मन्दिर निर्माण गर्दा एउटै मन्दिर निर्माणको लागि केदार्नी माणु निर्माण उपभोक्ता समिति कै नाममा दुई उपभोक्ता समिति गठन गरि रु. ११,९६,६१६ खर्च गरेको देखिन्छ। यसरी एउटै निर्माण कार्यमा दुई उपभोक्ता समिति गठन गरि कार्य गराउँदा काममा दोहोरोपना हुन सक्ने, सम्बन्धित कार्यको जिम्मेवारी र जबाफदेहिता जस्ता विषयहरुमा विबाद सिर्जना हुन सक्ने तथा निर्माण सम्पन्न भएपश्चात संरचनाको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा जटिलता आउने जस्ता जोखिम रहन्छन्। पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्यको खरिद गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम एक निर्माण कार्यको लागी एक मात्र उपभोक्ता समिति गठन गरी सम्पन्न गराउनु पर्दछ।

७९. **उपभोक्ताको काम निर्माण ब्यावसायीबाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ। यस पालिकामा सञ्चालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धी कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यवसायिलाई सहभागी गराई कार्य सम्पन्न गर्ने अभ्यासलाई नियन्त्रण गर्नुपर्दछ।यस आर्थिक बर्षमा निम्न उपभोक्ता समितिहरुले आफ्नो कार्यमा निर्माण व्यावसायीबाट गराएको नियमसम्मत नदेखिएको रु.

| गोभौ/मिति | उपभोक्ता समिति | भुक्तानी रकम | निर्माण व्यवसायी | निर्माण व्यवसायीद्धारा पेश भएको विल रकम |
|---|---|---|---|---|
| २७/२०७९।१२।१७ | मोहन्याल आवि बडिकेदान-४ | २,८६,३१६ | ॐ शिरडी साई कन्स्ट्रक्शन | १,८७,५०० |
| ९७/२०८०।१।२५ | कालिका आवि | २,६०,४४९ | अम्बिका निर्माण सेवा | २,७२,४२२ |
| १२६/२०८०।२।५ | खेताली कुषि उस | ७६५८३२ | अम्बिका निर्माण सेवा | ७,६५,८३२ |
| १३०/२०८०।२।९ | पुरान पातल कृषि सडक निर्माण उस | ४७०७३६ | ॐ शिरडी साई कन्स्ट्रक्शन | ५६९०९९ |

| | | | | |
|---|---|---|---|---|
| २३५/२०८०।३।२२ | मालिका आवि खेलकुद निर्माण | ७४७७०९ | आशिष एण्ड आयुश कन्स्ट्रक्सन प्रालि | ९३४७९५ |
| २३६/२०८०।३।२२ | पातली सिराडी कृषि सडक निर्माण उस | ३४५८५० | आशिष एण्ड आयुश कन्स्ट्रक्सन प्रालि | ४३२४९१ |
| २/२०८०।३।२४ | घाङ्गल चायकोट ग्रामिण सडक उस | ५५७५५६ | भागरथी निर्माण सेवा | ७००१५९ |
| जम्मा | | ३४,३४,४४८ | | ३८६२२९८ |

| | |
|---|---|
| अनियमित भएको | ३४,३४,४४८ |

८०.. **घेराबार निर्माण -** कार्यालयले GI Wire Mesh 2"x2"Mesh Size को मेस जालि र 25*25*4 mm Angle Section For Post को सामाग्री प्रयोग गरी सामान्य घेरबार सम्बन्धी निर्माण कार्यको दर विश्लेषण गर्दा भवन विभागको भवन सम्बन्धी नर्म्सको सि नं M12 मा रहेको ५० मी.मी. को कालो फलामे पोष्ट २ मीटर दूरीमा २०*२०*४ मी.मी. र २५*२५*४ मी.मी. साईजको फलामे एङ्गल फ्रेमको बीचमा १० SWG GI Chain Link २"*२" को मेस साईज जाली जडान गर्ने र ३*२० को फलामे पाताको ग्रिल ०.१५ मी. अग्लो बनाई माथि जडान गरी फेब्रिकेशन गरी प्राईमर पेन्ट लगाउने सहित प्रति १० बर्गमिटरको सम्पुर्ण कार्यको लागि आवश्यक सिपालु श्रमिक ७ संख्या र ज्यामी श्रमिक ५ संख्याको नर्म्स राखि दर विश्लेषण गरेको पाईयो। पालिकाले सामान्य घेरबार गर्दा समेत दक्ष जनशक्ति आवश्यक रहेको भनि दरविश्लेषण गरेको औचित्यपूर्ण देखिएन। लेखापरीक्षणको क्रममा छलफल बमोजिम भएको दरविश्लेषणमा ज्यामी श्रमिक संख्या समान तथा सिपालु श्रमिक संख्या दुई राख्दा हुने आउने दरलाई वास्तविक मानि निम्न घेराबारको बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रकम रु.

| क्रम | विद्यालय/ उपभोकता समित | घेरबार परिमाण (बमि) | भुक्तानी दर | हुनु पर्ने दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | डाम्सिना आवि घेरबार निर्माण | ३११.१० | १७६०.२० | १२२५.२० | १६६४३८ |
| २ | थानकोट शिव मन्दिर निर्माण उस | २७ | १७६०.२० | १२२५.२० | १४४४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | लाटा बेताल मन्दिर घेरबार उस | १०५.१५ | १७६०.२० | १२२५.२० | ५६२५५ |
| जम्मा | | | | | २३७१३८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३७,१३८ |

८१. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्ः-

-सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनि सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।

-१०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले ८९ दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

-श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७। मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

-पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

- रोजगारीका लागि दर्ता भएका ५४१ जना मध्ये थोरै संख्यामा अर्थाल ७४ जनाले मात्रै रोजगारी पाएका ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत र पैदल मार्ग सुधार गरी ५ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष ७४ जनालाई रोजगारी उपलब्ध गराई नेपाल सरकारको रु.२०,१९,५०० र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. २२,५०,३०० गरी कुल ८४,२४,२०० खर्च गरेको छ । लक्षित वर्गलाई ८९ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यसमा सुधार र व्यबस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

८२. **सामाजिक सुरक्षा वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत प्रभु बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरि जम्मा रु. ५५,८६३,०७२ निकासा भएको देखिन्छ भने रु. ५५,७९६,७९० वितरण गरी बाँकी भएको रु. ६,६२,०८२ मिति २०८०।६।१ मा फिर्ता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

८२.१ **लाभग्राही नवीकरण-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८२.२ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

८३. **यातायात खर्च -** ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ को निर्णयबाट रु.**१२६,६६४** सम्परीक्षण गरिएको ।)

८४। **पदाधिकारी सुविधा -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन**,** २०७५ ले व्यवस्था गरे अनुसार पर्व खर्च भुक्तानी गर्नुपर्नेमा ऐनले तोकेभन्दा बढी हुने गरी तपसिलबमोजिमको पर्व खर्च भुक्तानी भएको हुँदा बढी भएको भुक्तानी रकम सम्वन्धित पदाधिकारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.स | नाम थर | पद | हुनुपर्ने पर्व खर्च रकम रु. | भएको पर्व खर्च रकम रु. | बढी भएको रकम रु. |
|---|---|---|---|---|---|
| १ | भैरव ब. साँउद | अध्यक्ष | २५००० | ३३५०० | ८००० |
| २ | डम्वरी कु.विष्ट | उपाध्यक्ष | २२५०० | २८५०० | ६००० |
| ३ | डबल बहादुर बोहरा | वडा अध्यक्ष | १६००० | २२५०० | ६५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रेम बहादुर घर्तिमगर | वडा अध्यक्ष | १६००० | २२५०० | ६५०० |
| ५ | राम बहादुर गुरुङ | वडा अध्यक्ष | १६००० | २२५०० | ६५०० |
| ६ | कर्ण बहादुर जेठरा | वडा अध्यक्ष | १६००० | २२५०० | ६५०० |
| ७ | पदम सिं बोहरा | वडा अध्यक्ष | १६००० | २२५०० | ६५०० |
| ८ | तारा कुमारी नाम्जाली | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| ९ | पदमा देवी जेठरा | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| १० | निर्मला देवी बोहरा | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| ११ | कुमारी दमाई | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| १२ | अमर ब. मिजार | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| १३ | प्रेम ब. सार्की | का.पा सदस्य | ९००० | १३००० | ४००० |
| १४ | बिमला देवी बोहरा | सभा सदस्य | ७००० | ८००० | १००० |
| १५ | धन ब. वोगटी | सभा सदस्य | ७००० | ८००० | १००० |
| १६ | जलु देवी सार्की | सभा सदस्य | ७००० | ८००० | १००० |
| १७ | ईन्द्र ब. अली | सभा सदस्य | ७००० | ८००० | १००० |
| १८ | मोहन ब. कामी | सभा सदस्य | ७००० | ८००० | १००० |
| १९ | बर्जिता देवी सार्की | सभा सदस्य | ७००० | ८००० | १००० |
| २० | आईती देवी टमाटा | सभा सदस्य | ७००० | ८००० | १००० |
| २१ | दान ब. मल्ल | सभा सदस्य | ७००० | ८००० | १००० |
| २२ | ललिता देवी पुन मगर | सभा सदस्य | ७००० | ८००० | १००० |
| २३ | प्रकाश लामा | सभा सदस्य | ७००० | ८००० | १००० |
| २४ | मन्थरा देवी भुल | सभा सदस्य | ७००० | ८००० | १००० |
| २५ | टेक ब. पुन मगर | सभा सदस्य | ७००० | ८००० | १००० |
| २६ | लोकेन्द्र ब. बोहरा | सभा सदस्य | ७००० | ८००० | १००० |
| २७ | प्रकाश बोहरा | सभा सदस्य | ७००० | ८००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | भिम ब. बोहरा | सभा सदस्य | ७००० | ८००० | १००० |
| जम्मा | | | | | ८५,५०० |
| | | | | असुल गर्नुपर्ने | ८५,५०० |

८५. **अवकाश कोष -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्वन्धी कानुन बमोजिम अवकाश हँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोषको स्थापना गर्नुपर्ने छ ।उक्त कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने र स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा कानुन बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण र औषधी उपचार लगायतका सबै सुविधाहरु अवकाश कोषबाट उपलब्ध गराउनु पर्ने उल्लेख छ ।पालिकाले कानुन बमोजिम अवकाश कोषको स्थापना तथा संचालन नगरी मिति २०७९/५/१० मा अनिवार्य अवकाश भएका कार्यालय सहयोगी, सहायक स्तर प्रथम श्रेणीका श्री भगि मन्नीलाई संचित घर बिदा , संचित विरामी बिदा, उपचार खर्च र उपदान खर्च उल्लेख गरी जम्मा रु.११,५१,१३१ भुक्तानी दिएको पाईयो । यसरी पालिकाले भुक्तानी गर्दा दिर्घकालिन दायित्व बढ्दै जाने तथा कर्मचारीले सेवा सुविधाबाट बञ्चित हुने अवस्था समेत सृजना हुने भएको हुँदा उक्त कानुनी व्यवस्थाको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।ऐनले व्यवस्था गरेबमोजिम अबकाश कोषको स्थापना तथा संचलान नगरी करार सेवा शुल्क शिर्षकबाट अवकाश पश्चात प्राप्त गर्ने सुविधा उपलब्ध गराएको हुँदा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,५१,१३१ |

८६. **प्लाष्टिक घर निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भागेश्वर एग्रोभेट डिष्टिब्युटर्स एण्ड सप्लायर्सबाट रु.३,९८,९९९ को प्लाष्टिक र प्लास्टिक बाध्ने रसी लगायतका सामाग्री खरिद गरी वितरण गरेकोमा सोको प्रयोगको अवस्था देखिने अनुगमन प्रतिवेदन, फोटो र कार्यसम्पन्न प्रतिवेदन पेश भएको पाईएन । प्लाष्टिक घर निर्माण भएको खुल्ने कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९८,९९९ |

८७. **गाडी भाडा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले विभिन्न मितिमा सवारी धनीसँग सम्झौता गरेर गाडी भाडामा लिई प्रयोग गरेको

देखिन्छ।यसरी गाडी भाडामा रु.६,७१,००६ खर्च गरेको छ । कार्यालयको कामकाजको शिलशिलामा मात्र खुलाई प्रष्ट प्रयोजन बेगर पालिकाको आफ्नै गाडी हुँदाहुँदै गाडी भाडामा लिई प्रयोग गर्ने गरेको पाईयो । यस सम्वन्धमा केही उदाहरणहरु –

| क.स | गो.भौ. नं र मिति | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | ८६,२०७९/८/१६ | लोकेन्द्र बहादुर छेडाल | ८४००० |
| २ | १८६,२०७९/११/५ | विरेन्द्र मौनी | १४३२०० |
| ३ | २८७,२०७९/१२/२८ | राम बहादुर बोहरा | १३०८०० |
| ४ | ३०४,२०८०/१/६ | राम सार्की | ५३१०० |
| ५ | ४४५,२०८०/३/१२ | विरेन्द्र मौनी | ३३००० |
| जम्मा | | | ४,४४,१०० |

पालिकाले यस्तो खर्चलाई नियन्त्रण गरी प्रष्ट प्रयोजन खुलाई खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।

८८. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले आ.व २०७९/८० मा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.२६,५०,७३८ कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन । पालिकाले यस्ता कार्यलाई नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिम प्रतिस्पर्धात्मक विधि अपनाउने तर्फ प्रयाप्त ध्यान दिनु पर्दछ ।

८९. **सवारी मर्मत -** सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च र सवारी साधन मर्मत खर्च शिर्षकबाट एम्बुलेन्स, एक्साभेटर, जिप र मोटरसाईकल मर्मत गरी जम्मा रु.२२,९९,७१७ खर्च गरेको छ ।पटक पटक एउटै सवारी साधन मर्मत गरेकोमा मर्मत गर्नुपर्ने स्पष्ट कारण खुलेको छैन साथै मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेतापनी पूर्णरुपमा मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरेको देखिएन । सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गरेरमात्र खर्च लेख्ने तथा मितव्ययी रुपमा खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९०. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ पालिकाले आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षक र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट गरी जम्मा रु.२१,८९,८५६ खर्च गरेकोमा कुन सवारी साधनमा ईन्धन कती खर्च भयो सो खुल्ने अभिलेख व्यवस्थित राखेको पाईएन ।प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

९१. **भ्रमण खर्च -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत भ्रमण खर्च शिर्षकबाट रु.२६,९०,८९२ खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन-

· अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

· भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नभएको र केही पेश भएको भ्रमण प्रतिवेदनमा पनि भ्रमणको उद्देश्य प्रष्ट नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

९२. **जरिवाना रकम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका सवारीसाधनहरुको नवीकरण तथा विद्युत महशुल भुक्तानी गर्दा जरिवाना रकम समेत भुक्तानी गरेको पाईयोः

| गोभौ नं | जरिवाना | रकम |
|---|---|---|
| ९१/२०७९।८।१६ | सवारिसाधन नवीकरण | १७६० |
| २५३/२०७९।१२।१७ | सवारिसाधन नवीकरण | २८६० |
| जम्मा | | ४६२० |

पालिकाले समयमै महशुलहरु भुक्तानी नगर्दा जरिवाना बापत थप आर्थिक दायित्व भुक्तानी गरेको देखिन्छ।पालिकाले भुक्तानी गर्नुपर्ने महशुलहरु समयमै भुक्तानी गर्नुपर्दछ। यसरी थप आर्थिक दायित्व भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,६२० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बडिकेदार गाउँपालिका, डोटी , बडीकेदार गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिला राज भट्ट | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युव राज भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,११५,३४२ | १३,१७४,६४२ | ५,३५५,७८५ | ० | १७७,३०६ | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १९,८२३,०७५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १२६,६६४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,६९६,४११ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४०५७२४२२.०२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२१९०५३९६.३ | **चालु खर्च** | २६००२४४०५.४५ |
| **प्रदेश सरकारबाट अनुदान** | ६४८०५५६.० | **पूँजीगत खर्च** | १३८३६१२८६.५५ |
| **राजश्व बाँडफाँट** | ७७५२०८०६.३९ | **वित्तीय/अन्य व्यवस्था** | ६०४४८७८१ |
| **आन्तरिक आय** | २७४१३३१.०१ | | |
| **अन्य आय** | ६०८६५८३३.६५ | | |
| **कुल आय** | ४६९५१३९२३.३५ | **कुल खर्च** | ४५८८३४४७३ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ५१२५१८७२.३७ |